# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति २०८२।०१।२८

## प्रेस विज्ञप्ति

नवलपरासीस्थित सुनवल नगरपालिकाका प्रमुख विमला अर्यालले सामाजिक सञ्जालमार्फत पत्रकारिता क्षेत्रलाई बदनाम गर्न खोजेकोप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

'उपियाँको खोज अनुसन्धानमा पिएचडी गरेका विद्वान्लाई गाईको बारेमा लेख लेख्न दिइएको' भन्ने आफ्नो स्ट्याटसमा आएको आलोचनात्मक टिप्पणीलाई लिएर प्रमुख अर्यालले 'सत्य-तथ्य विषय ल्याउने उत्कृष्ट पत्रकारलाई यत्रो आरोप, अरु सत्य-तथ्य नबुझी लेख्ने झोलेहरू कुनै प्रश्न छैन किन ?' भन्दै पत्रकारलाई होच्याउने र अपहेलना गर्नेखालको स्ट्याटस लेखेको महासंघ नवलपरासी (व.सु.प.) शाखाले जनाएको छ ।

सञ्चारमाध्यममा प्रकाशित र प्रसारित लेख या विचारमा चित्त नबुझे त्यसउपर विधि र पद्धतिअनुसार अघि बढ्नसकिने प्रावधान हुँदाहुँदै यसविपरीत जिम्मेवार पदमा रहेका व्यक्तिले यस किसिमको शैली अपनाउनु अत्यन्त निन्दनीय हुनुका साथै प्रेस स्वतन्त्रतामाथिको प्रहार हो ।

महासंघ प्रेसविरोधी यो हर्कतप्रति आपत्ति प्रकट गर्दछ । र, प्रेसको संवैधानिक प्रावधानको ख्याल राखी सम्मान गर्न, कुनै पनि वहानामा पत्रकारमाथि यस्ता हर्कत नदोहोरिनेतर्फ ध्यान दिन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org